# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, चैत १५ गते २०५५ साल (संख्या ४९

## भाग ३

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा (तेह्रौं संशोधन) नियमावली, २०५५

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (निवृत्त-भरण, उपदान र अन्य सुविधा) (तेह्रौं संशोधन) नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम ३ मा संशोधनः शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम ३ को उपनियम (२) मा रहेको "निवृत्तभरण पाइरहेको सिपाही वा सो भन्दा मुनीका सैनिक जवानको" भन्ने शब्दहरूको सट्टा "निवृत्तभरण पाइरहेको हुद्दा र सो भन्दा मुनीका सैनिक जवानको" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,

४४२

चक्रबन्धु अर्याल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।